# हलेसी तुवाचुङ नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ संख्याः १३ मितिः २०७६।११।२५

### भाग - २


# मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७६

## प्रस्तावना :

व्यवसायिक कृषक तथा उद्यमिहरुलाई संचालन गरिरहेको व्यवसाय र सोको सम्भाव्यताको आधारमा अनुदान प्रवाह गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्ने तथा संगठित बजारमा पशु तथा पशुजन्य पदार्थहरुको उपलब्धता बढ्ने तथ्यलाई मध्यनजर गर्दै हलेसी तुवाचुङ नगरपालिका नगरकार्यपालिका कार्यालयको पशु खोप, विमा, आहारा र गोठ व्यवस्थापन जस्ता कार्यक्रम सहकार्यमा संचालन गरिने व्यवसायिक पशु पालन, दुग्ध उत्पादन, घाँसको बीउ वृद्धि, मासु पसल सुधार, डेरी पसल सुधार जस्ता कार्यक्रममा सहभागी हुने कृषक, समुह, समिति, सहकारी, संघ/सस्था, निजी फार्म/उद्यमी मार्फत माछा, मासु, दूध, अण्डा उत्पादनलाई व्यवसायिकरण तर्फ उत्प्रेरित गरिने नीतिलाई साकार पार्न मागमा आधारित अनुदान कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न हलेसी तुवाचुङ नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७६ बनाई लागु गरेको छ।

### परिच्छेद १ प्रारम्भिक

१. संक्षिप्त नाम तथा प्रारम्भ :

१) यस कार्यविधिको नाम मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७६ रहेको छ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिका सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ।

ग) "शाखा" भन्नाल हलेसी तुवाचुङ नगरपालिका पशुपंक्षी विकास शाखा सम्झनु पर्दछ ।

घ) "वडा" भन्नाले हलेसी तुवाचुङ नगरपालिका अन्तर्गत पर्ने १-११ वडाहरु सम्झनु पर्दछ।

ङ) "प्राबिधिक" भन्नाले हलेसी तुवाचुङ नगरपालिका पशुपंक्षी विकास शाखामा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

च) "अनुदान" भन्नाले पशुपंक्षी तथा मत्स्य पालनको लागि अनुसूची २ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मूल्य श्रृखलाहरुमा दिईने अनुदान सम्झनुपर्छ।

छ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपंक्षी तथा मत्स्य पालक कृषक समुह/सहकारी संस्था/निजी फर्म/उद्यमीहरु सम्झनु पर्दछ।

ज) "कार्यविधि" भन्नाले पशुपंक्षी विकास शाखा को स्वीकत वार्षिक बजेट तथा कार्यक्रममा मागमा आधारित अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम व्यवस्थापन गर्ने गरी गोठ व्यवस्थापन, हिउदे, वर्षे, बहुवर्षे घाँसको बीउ तथा बिजबृद्धि अनुदान, मासु पसल सुधार, डेरी पसल सुधार, खोर सुधार, कुखुरापालन, मत्स्य पालन, ह्याचरी निर्माण/सुधार तथा व्यवसायिक उत्पादकलाई उत्पादन तथा बजारीकरणमा सहयोग कार्यक्रम मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

झ) "मागमा आधारित अनुदान कार्यक्रम" भन्नाले हलेसी तुवाचुङ नगरपालिका मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरी दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

ञ) "मापदण्ड" भन्नाले मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिएको प्रस्ताव मूल्याङकनको लागि तोकिएको अनुसूची ३ तथा हलेसी तुवाचुङ नगरपालिकाको मार्गनिर्देशन बमोजिमको मापदण्डलाई सम्झनु पर्दछ।

ट) "समिति" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाले व्यवस्था गरेअनुसारको स्थानीय कृषि व्यवसाय प्रबर्द्धन समिति सम्झनुपर्छ ।

ठ) "लगानी रकम" भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यवसायिक पशुपंक्षी, मत्स्य विकास कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्दछ ।

परिच्छेद २

**<u>कार्यक्रम संचालन सम्बन्धी व्यवस्था</u>**

**३.कार्यविधिको उद्देश्य :** मागमा आधारित अनुदान कार्यक्रम सरल, पारदर्शी तथा प्रभावकारी रुपले संचालन गर्ने ।

**४. कार्यक्रमका उद्देश्यहरु :** कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) पशुपंक्षी तथा मत्स्य विकास प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।

ख) रोजगारीका अवसरहरु सृजना गरी गरिवी निबारणमा टेवा पुऱ्याउने ।

ग) पशुपंक्षी तथा मत्स्य पेशालाई व्यवसायिक र मर्यादित पेशाको रुपमा स्थापित गराउने ।

घ) पेशालाई दिगो, भरपर्दो र विश्वसनिय बनाउने, उद्यमीलाई प्रेरित गर्ने ।

ङ) कृषिको विकास, गरिविको निकास बनाउन सहयोग पुऱ्याउने ।

**५. कार्यक्रम संचालन प्रक्रिया :**

१) पशुपंक्षी विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा बढीमा ५०% सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिने छ ।

२) अनुदान प्रवाहका लागि कम्तीमा ७ दिन र बढीमा १५ दिनको म्याद दिई अनुसूची १ को ढाँचा अनुसारको सूचना प्रकाशित गरिनेछ ।

३) प्रस्ताव पेश गर्दा अनुसूची १ अनुसारको वर्गिकरण, अनुसूची २ को मापदण्ड अनुसार अनुसूची ४ को ढाँचामा हलेसी तुवाचुङ नगरपालिका पशुपंक्षी विकास शाखामा पेश गर्नुपर्ने छ ।

४) यसरी प्राप्त भएका प्रस्तावहरुको मूल्याङकन कार्य अनुसूची ३ बमोजिमको प्रस्ताव मूल्याङकनको आधारमा गरिनेछ ।

५) प्राप्त प्रस्तावहरुका आधारमा पशुपंक्षी विकास शाखाबाट स्थलगत निरीक्षण समेत गरी विवरण बनाई कृषि व्यवसाय प्रवर्द्धन समितिमा पेश गर्नु पर्नेछ ।

६) यसरी पेश हुन आएका प्रस्तावहरु समितिको बैठक बाट छनौट गरिनेछ ।

७) छनौटमा परेका स्वीकृत प्रस्तावहरुको विवरण सबैको जानकारीको लागि उप महानगरपालिकाको सूचना पार्टीमा टाँस गरिनेछ । साथै सम्बन्धित वडा कार्यालयहरुमा पठाईने छ ।

८) हलेसी तुवाचुङ नगरपालिकाबाट छनौटमा परेका अनुदानग्राहीसंग अनुसूची ५ बमोजिम सम्झौता गरिनेछ ।
९) कार्यक्रम अबधि र क्रियाकलापको विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१०) कार्यक्रम संचालन तथा सम्पन्न गर्दा लाग्ने खाजा, खाना, भत्ता, स्टेशनरी, ईन्धन,सोही कार्यक्रममा विनियोजन गरिएको बजेटबाट उपलब्ध गराउनुपर्नेछ ।

**६. अनुदान रकम भुक्तानी प्रक्रिया :** अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ । कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन, सो संग सम्बन्धित आवश्यक विल भरपाई, संचालित कार्यक्रमको फोटो तथा होडिङ बोर्ड, सम्बन्धित वडा कार्यालयको कार्य सम्पन्नको सिफारिस, पशुपंक्षी विकास शाखाको स्थलगत निरीक्षण तथा अनुगमन गरी सिफारिस भए पश्चात प्रचलित कानून बमोजिम भुक्तानी गर्नेछ ।

आज्ञाले
राजेशबाबु घिमिरे
हलेसी तुवाचुङ नगरपालिका

अनुसूची १

हलेसी तुवाचुङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय मागमा आधारित अनुदान कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना (प्रथम पटक सूचना प्रकाशन मिति ...............)

हलेसी तुवाचुङ नगरपालिकाको आ. व.........को मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रमको लागितपशिलको कार्यक्रम संचालन गर्न ईच्छुक व्यवसायिक कृषक/समुह/कृषि सहकारी/ निजी फार्म तथा उद्यमीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलमा तोकिएका कागजातहरु संलग्न गरी बुटवल उप महानगरपालिका पशुपंक्षी विकास शाखामा निवेदन सहित व्यवसायिक योजना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः १. वर्गिकरण**

| क.स. | लगानीको क्षेत्र | कार्यालयबाट हुने लगानी | अनुदानग्राहीको साझेदारी अंश | योग्य आवेदक |
|---|---|---|---|---|
| १ | जिउदो माछा, मत्स्य, ह्याचरी, डेरी पसल, मासु पसल निर्माण र सुधार | कार्यक्रमका लागि बजेट व्यवस्था भए बमोजिम | न्युनतम ५० (पचास) प्रतिशत | व्यवसायिक उत्पादक/कृषक वा कृषक समुह/ उत्पादन मुलक पशुपंक्षी तथा मत्स्य व्यवसायमा संलग्न सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरु |
| २ | गाई/भैंसी/भे डा/बाखाको लागि खोर, गोठ, भकारो सुधार तथा व्यवस्थापन | कार्यक्रमका लागि बजेट व्यवस्था भए बमोजिम | न्युनतम ५० (पचास) प्रतिशत | व्यवसायिक उत्पादक/कृषक वा कृषक समुह/ उत्पादन मुलक पशुपंक्षी तथा मत्स्य व्यवसायमा संलग्न सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरु |
| ३ | हिउदे/वर्षे/बहु वर्षे घाँसको बीउ वितरण | कार्यक्रमका लागि बजेट व्यवस्था भए बमोजिम | (निःशुल्क) | व्यवसायिक उत्पादक/कृषक वा कृषक समुह/ उत्पादन मुलक पशुपंक्षी तथा मत्स्य व्यवसायमा संलग्न सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरु |
| ४ | नविन कार्यक्रम | कार्यक्रमका लागि बजेट व्यवस्था भए बमोजिम | न्युनतम ५० पचास) प्रतिशत | व्यवसायिक उत्पादक/कृषक वा कृषक समुह/ उत्पादन मुलक पशुपंक्षी तथा मत्स्य व्यवसायमा संलग्न सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरु |

**२. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. पशुपंक्षी/मत्स्य कृषक समुह/सहकारी संस्था/निजी फार्म तथा उद्यमीहरुले सूचना प्रकाशन मिति भन्दा अगाडि उप-महानगरपालिकामा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

२. पशुपंक्षी/मत्स्य सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको हकमा कर चुक्ताको प्रमाणपत्र, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

३. कार्यालयबाट तोकिएको ढाँचाको निवेदन १ प्रति ।

४. संघ/संस्था/सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि, प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि १ प्रति ।

५. कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जा नभएमा सार्वजनिक घोल, ताल वा निजी जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तीमा ३ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि १ प्रति ।

## अनुसूची २

## मागमा आधारित अनुदान कार्यक्रमको लागि मापदण्ड

| सि.नं. | लगानीका उपक्षेत्रहरु | मूल्य श्रृखलाहरु | न्युनतम पूर्वाधार | आवश्यक कागजात |
|---|---|---|---|---|
| १ | जिउदो माछा/मासु/दूध पसल सुधार र निर्माण | दैनिक गुणस्तरीय जिउदो माछा/फ्रोजन मासु/दूध तथा विविधिकरण गरिएका दूग्ध पदार्थहरु विक्री वितरण गर्नुपर्ने । | जिउदो माछाको अक्सिजन सिलिन्डर, सिमेन्टेड ट्याङ्क, मासु पसल र डेरी पसलको हकमा पशुपंक्षी उत्पादन तथा बजार प्रबर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम हुनेछ । | व्यवसायिक योजना दर्ता प्रमाणपत्रको प्रतिलिपि, जग्गा लालपुर्जा/ करार सम्झौताको प्रतिलिपि, समुह/समिति भए निर्णय प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस, नागरिकताको प्रतिलिपि । |
| २ | नयाँ पोखरी निर्माण विथ डिजेल पम्प/ईलेक्ट्रिक मोटर, एरियटर, जाल, अटोफिडर | नयाँ पोखरी निर्माण गरी सघन मत्स्य पालन तथा आधुनिक उपकरणहरु प्रयोग। | कम्तिमा ३ कट्ठा जलाशय क्षेत्र हुनुपर्ने । | |
| ३ | गाई/भैंसी/वंगुर/भेडा/बाखा पालन तथा फार्म सुधार | मासु, दूध, उत्पादन | प्रस्ताव पेश गर्दा न्युनतम ५ वटा दूधालु गाई/भैंसी भएको हुनुपर्ने, बाखाको हकमा १५ वटा माउ बाखा हुनुपर्ने । वंगुरको हकमा ८ वटा माउ वंगुर हुनुपर्ने । प्रस्ताव स्वीकृत भएमा थप गर्नुपर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४ | मत्स्य ह्याचरी निर्माण/सुधार | गुणस्तरीय मत्स्य विज उत्पादन गर्नुपर्ने । | मत्स्य विज उत्पादनको लागि पूर्वाधारको व्यवस्थापन गर्नुपर्ने । | |
| ५ | नविन कार्यक्रम (माछा, मासु, दूध, अण्डा) | माछा, मासु, दूध, अण्डा उत्पादन, विविधिकरणका मूल्य श्रृखलाहरु । | कार्यकम अनुसार न्युनतम मापदण्ड हुनुपर्ने । | |
| ६ | साना किसान गोठ सुधार सहयोग | | गोठ व्यवस्थापन, आहारा व्यवस्थापन, स्वच्छ दूध उत्पादन | |

**अनुसूची ३**

**प्रस्ताव मूल्याङकनका आधारहरु**

| क.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक /कृषक योजना | ३० | |
| २ | मूल्यश्रृखलामा सहभागीको अनुभव | १० | |
| ३ | न्यूनतम पूर्वाधार पक्ष | १५ | |
| ४ | आर्थिक पक्ष | १५ | |
| ५ | कार्यक्रमको दिगोपना | १० | |
| ६ | वातावरणीय पक्ष | १० | |
| ७ | सामाजिक पक्ष | १० | |
| ८ | जम्मा | १०० | |

अनुसूची ४

मागमा आधारित अनुदान कार्यक्रमका लागि निवेदन तथा प्रस्ताव पत्रको ढाँचा

मिति :

श्री हलेसी तुवाचुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुर्छिम, खोटाङ ।

विषय :मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको वारे ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति ................. मा प्रकाशित सूचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन योग्यता पुगेकोले ...........................वर्गिकरणको .......................................................मूल्य श्रृखला अन्तर्गत त्यस कार्यालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधीनमा रही व्यवसायिक पशुपंक्षी तथा मत्स्य कार्यक्रम संचालन गर्न देहाय बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न गरी पेश गरेको छु/छौं । संलग्न कागजातहरुः १. व्यवसायिक कार्यक्रम पशुपंक्षी तथा मत्स्य सम्बन्धी समुह/सहकारी भएमा बैठकको निर्णयको प्रतिलिपि । २. संस्था दर्ताको प्रमाणपत्र/लेखा परीक्षण प्रतिवेदन/कर चुक्ताको प्रमाणपत्र/भ्याट/पान दर्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान । ३. प्रस्तावकको नागरिकताको प्रतिलिपि १ थान । ४. हलेसी तुवाचुङ नगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि १ थान । ५. जग्गाको लालपुर्जा/भाडा सम्झौता पत्रको प्रतिलिपि १ थान । ६. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाइन तथा स्टीमेट ।

नाम : ................................
दस्तखत : ............................
ठेगाना : .............................
पद : ..................................
संस्थाको नाम : .......................
सम्पर्क नं. .................
संस्थाको छाप :

अनुसूची ५

मागमा आधारित अनुदान कार्यक्रमको सम्झौता पत्रको नमूना

हलेसी तुवाचुङ नगरपालिकाको आ. व.......को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मागमा आधारित अनुदान कार्यक्रम संचालन गर्न हलेसी तुवाचुङ नगरपालिका कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र श्री ....................................... (यस पछि दोश्रो पक्ष भनिने) का बीच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौ । तपशिल : १. प्रथम पक्षले मागमा आधारित अनुदान कार्यक्रम मार्फत व्यावसायिक पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु. ....... मध्ये दोश्रो पक्षलाई रु. ....... ( अक्षेरुपी ................) बराबरको आर्थिक/जिन्सी अनुदान प्रदान गर्नेछ । बाँकी रकम दोस्रो पक्ष आफैले लगानी गर्नेछ । २. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम संचालन गर्नु पर्नेछ । सोको निरीक्षण, अनुगमनका लागि प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ । ३. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमति अनुसारका पशुपंक्षी तथा मत्स्य सामाग्रीहरु आफैले खरिद गरी नियमानुसारको बिल, सिफारिस गरेको सम्बन्धित वडा कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्नेछ । ४. प्रथम पक्षले तोकेको प्राविधिकको प्रतिवेदन सिफारिसमा भएको प्रगतिका आधारमा अनुदान रकम दोश्रो पक्षको बैंक खातामा वा चेक वा नगद एकमुष्ट भुक्तानी दिईनेछ । उक्त रकम कार्यक्रम सम्पन्न भएपछि मात्र भुक्तानी हुनेछ । ५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माण कार्यको हकमा यसै सम्झौतामा समावेश भएको डिजाईन तथा इष्टिमेट बमोजिम गर्नु पर्नेछ । ६. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकिएको निकायमा उपलब्ध गराउनु पर्नेछ । ७. उल्लेखित सम्पुर्ण कार्यक्रम मिति २०७६.......... भित्रै सम्पन्न गरिसक्नु पर्नेछ । कुनै समस्या देखिएमा सम्बन्धित शाखा प्रमुखले सम्बन्धित वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई समयमै जानकारी गराउनु पर्दछ । ८. कार्यक्रम संचालित स्थानमा सबैले देख्नेगरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित बोर्ड अनिवार्य राख्नु पर्नेछ । ९. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| **प्रथम पक्ष** | **दोश्रो पक्षः** |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालय : | पद : |
| छाप : | संस्थाको छाप : |
| रोहवर सम्पर्क नं. : | नाम : |
| पद : | दस्तखत : |

ईती सम्वत् २०७६ साल ...................महिना ................गते रोज ................शुभम् ।

प्रमाणीकरण मिति: २०७६/०७/२८